विशेष अदालत
काठमाण्डौ
२०५९

# विशेष अदालतबाट जारी प्रेस विज्ञप्ति

नयाँ भेरियन्टसहित कोरोना भाईरसको संक्रमण देशका विभिन्न भूभागमा तीव्रगतिमा फैलिएका कारण सेवा प्रवाह एवम् कामकारवाही स्थगन गर्न मिति २०७८।०१।१५ र मिति २०७८।०२।०४ मा यस अदालतबाट सूचना प्रकाशित गरिएको बेहोरा विदितै छ। सम्बद्ध निकायहरुबाट जारी गरिएका पछिल्ला आदेशहरु र विद्यमान परिस्थितिको मूल्याङ्कन गरी प्रवाह हुने सेवाका सम्बन्धमा यस अदालतको मिति २०७८।०३।०९ को पूर्ण बैठकको निर्णयानुसार देहायबमोजिम व्यवस्थापन गरिएको छ।

(क) मिति २०७८।०३।१४ गतेसम्मका लागि कामकारवाही तथा सेवा प्रवाह स्थगनसम्बन्धी मिति २०७८।०२।०४ मा जारी गरिएको सूचनाबमोजिमको व्यवस्थापनलाई नै निरन्तरता दिने।

(ख) मिति २०७८।०३।१५ गतेदेखि निम्नानुसार सेवा सञ्चालन गर्ने।

**सुचारु गरिने सेवाहरु:**

१. आरोपपत्र /अभियोगपत्र दर्ता।
२. पेशी एवम् साधारण तारिख। (सिमित संख्यामा)
३. थुनछेक र म्याद थप। (भर्चुअल माध्यमबाट)
४. मुद्दाको साप्ताहिक तथा दैनिक पेशी र सोको सुनुवाई। (भर्चुअल माध्यमबाट)
५. धरौटी र रोक्का फुकुवासम्बन्धी सेवाहरु।
६. फैसला/आदेश/कागजातहरुको प्रमाणित प्रतिलिपिसम्बन्धी सेवाहरु। (सिमित संख्यामा)
७. हाजिर हुन आउने एवं वारेश अनुमती लगायतका निवेदन पेशी।

**अर्को सूचना जारी नभएसम्म स्थगित रहने सेवा :**

१. साक्षी वकपत्र

(ग) निषेधाज्ञा अवधिको म्याद, तारिख थाम्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०१।१४ को पूर्ण बैठकको निर्णय एवं वृहत पूर्ण इजलासको मिति २०७७।०२।१५ को आदेशबमोजिमको सुविधामा प्रतिकुल असर नपर्ने गरी देहायबमोजिम हुने।

१. काठमाडौं उपत्यकाका तीनवटै जिल्लामा निषेधाज्ञा जारी भई २०७८।०३।०८ देखि निषेधाज्ञालाई खुकुलो पार्ने गरी आदेश भएतापनि सार्वजनिक यातायातका साधन सञ्चालनमा आइनसकेको सन्दर्भमा यस अदालतमा म्याद, तारिखमा उपस्थित हुनुपर्ने काठमाडौं उपत्यकाभित्रका सेवाग्राहीहरु निषेधाज्ञा समाप्त भएको मितिले बाटाको म्याद बाहेक ३० (तीस) दिनभित्र उपस्थित हुने।
२. काठमाडौं उपत्यका वाहिरका सेवाग्राहीका हकमा निषेधाज्ञा समाप्त भई अन्तरजिल्ला सार्वजनिक यातायातको साधन सञ्चालनमा आएको मितिले बाटाका म्याद बाहेक ३० (तीस) दिनभित्र उपस्थित हुने ।

(घ) काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारिख नगुज्रने।

(ङ) कोरोना भाइरस संक्रमणको जोखिम आंकलन र परिस्थितिको मूल्याङ्कन गरी सम्बन्धित निकायहरुबाट अन्यथा निर्णय एवं आदेश भएमा सेवा प्रवाहसम्बन्धी उल्लिखित व्यवस्थापनमा फरक पर्न सक्ने।

मिति : २०७८।०३।०९

प्रवक्ता

**प्रवक्ता**